# श्रम तथा रोजगार बुलेटिन

# Labour and Employment Bulletin

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रकाशन

वर्ष : ५, अंक २, कात्तिक २०७९




संरक्षक

**श्री एकनारायण अर्याल**
*सचिव*

सम्पादन मण्डल

**श्री झक्कप्रसाद आचार्य**
*सहसचिव- संयोजक*

**श्री दिपेन्द्र पौडेल**
*उपसचिव- सदस्य*

**श्री विष्णु लामिछाने**
*उपसचिव- सदस्य*

**श्री सुवासचन्द्र शिवाकोटी**
*उपसचिव (लेखा)*

**श्री नरबहादुर चन्द**
*शाखा अधिकृत*

**श्री गगन सिंह विष्ट**
*शाखा अधिकृत- सदस्य-सचिव*

प्रकाशक

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**सिंहदरबार, काठमाडौं**
**Website: www.moless.gov.np**
**Email: info@moless.gov.np**
फोन नं.: ४२११९९१, ४२११६७८, ४२११७३३
फ्याक्स: ९७७-१-४२११८७७

## सम्पादकीय

श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट मुख्य गरी वैदेशिक रोजगारी व्यवस्थापन, आन्तरिक रोजगारी प्रवर्द्धन, असल श्रम सम्बन्धको स्थापना तथा सामाजिक सुरक्षासँग सम्बन्धित क्रियाकलापहरु सम्पादन हुँदै आएका छन् । मन्त्रालयका कार्यक्षेत्रहरुमा केन्द्रित रही सम्पादन भएका क्रियाकलापहरुका बारेमा सरोकारवालाहरु समक्ष जानकारी उपलब्ध गराउन मन्त्रालयबाट त्रैमासिक बुलेटिन प्रकाशित हुँदै आएको छ।

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ समेतले सार्वजनिक प्रशासनलाई खुला, पारदर्शी, नागरिक प्रति जवाफदेही तथा जिम्मेवार बनाउने कुरालाई जोड दिएको छ । सार्वजनिक निकायबाट सम्पादन भएका क्रियाकलापका बारेमा सरोकारवालाहरुलाई सुसूचित बनाउने, सम्पादित काममा पारदर्शीता कायम गर्ने तथा नागरिकको सूचनामा सहज पहुँच स्थापित गराउने एक महत्वपूर्ण माध्यमका रुपमा सार्वजनिक निकायबाट प्रकाशित हुने जानकारीमूलक बुलेटिनलाई लिने गरिन्छ । मन्त्रालयले सम्पादन गरेका क्रियाकलापका बारेमा पारदर्शी रुपमा जानकारी उपलब्ध गराई सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यले विगतमा आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिकमा भए गरेका कामहरु समेतलाई समेटेर यो श्रम तथा रोजगार बुलेटिन वर्ष ५, अंक २ प्रकाशन गरिएको छ। बुलेटिनमा मुख्य गरी चालु आर्थिक वर्ष २०७९/०८० को श्रावण महिना देखि असोज मसान्तसम्मको अवधिमा मन्त्रालय तथा मातहतका निकायबाट सम्पादित गतिविधिहरु समावेश गरिएको छ ।

बुलेटिनको प्रकाशनबाट मन्त्रालयले सम्पादन गरेका कार्यहरुको बारेमा सहज रुपमा जानकारी उपलब्ध हुनुका साथै मन्त्रालयबाट सम्पन्न हुने क्रियाकलापलाई पारदर्शी र जनमुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । बुलेटिन तयारी कार्यमा संलग्न सबैलाई सम्पादन मण्डल आभार प्रकट गर्दछ ।

धन्यवाद !

# मन्त्रालयको वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न

मन्त्रालय र मातहतका कार्यालयहरूको आ.व. २०७८/०७९ को प्रगति समीक्षा कार्यक्रम मा. मन्त्री शेर बहादुर कुँबरज्यूको प्रमुख आतिथ्य र सचिव एकनारायण अर्यालज्यूको अध्यक्षतामा २०७९ साउन १३ र १४ गते काभ्रेपलाञ्चोकमा सम्पन्न भयो। उक्त कार्यक्रममा मा.मन्त्री र सचिवज्यूबाट मन्त्रालयको "वार्षिक कार्यक्रम पुस्तिका २०७९/०८०" संयुक्त रूपमा विमोचन भएको थियो।




*कार्यक्रममा संवोधन गर्नुहुदै मा.मन्त्री श्री शेर बहादुर कुँवरज्यू*



उक्त समीक्षा कार्यक्रममा मन्त्रालय, वैदेशिक रोजगार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, तीन वटै व्यावसायिक सीप विकास तथा तालिम प्रतिष्ठानहरु, सामाजिक सुरक्षा कोष, वैदेशिक रोजगार बोर्डको साथै ११ वटा श्रम तथा रोजगार कार्यालयहरु, वैदेशिक रोजगार कार्यालय ताहचल र व्यवसायिक स्वास्थ्य सुरक्षा केन्द्र भैसेपाटी र सुरक्षित आप्रवासन कार्यक्रमको आ.व. २०७८/७९ मा कार्यक्रम भौतिक र वित्तीय प्रगति लक्ष्य र प्रगति, कार्यक्रमबाट प्रदान गरिएका मुख्य सेवाहरू, उपलब्धिहरू साथै कार्यक्रम सञ्चालनको क्रममा देखा परेका मुख्य सवाल र तिनका समाधानका लागि गरिएको प्रयासहरूको सम्बन्धमा प्रस्तुतिकरण गरिएको थियो। श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय र मातहतका निकायको आ.ब. २०७८/०७९ को अवधिमा कार्यक्रमको समग्र भौतिक प्रगति ८३.६६% वित्तिय प्रगति ४४.५०% भएको देखियो। कार्यक्रममा मा. मन्त्री शेर बहादुर कुवँरज्यूले मन्त्रालय मातहतका कार्यालयहरूलाई आवश्यकता अनुसार भौतिक पूर्वाधारहरु कार्यालय भवन लगायतका साधन श्रोतयुक्त बनाउन, श्रम प्रतिष्ठानको तथ्याङ्क, औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको राष्ट्रिय अभिलेख प्रणालीको विकास गर्न, अनौपचारिक तथा स्वरोजगार क्षेत्रका श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न, सीप विकास तालिमलाई रोजगारी र उद्यमशीलता विकासमा जोड्नुपर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारीता र दिगोपनाका लागि स्थानीय तहले अपनत्व ग्रहण गर्न अति आवश्यक देखिएको, वैदेशिक रोजगारीको क्षेत्रलाई थप मर्यादित, सुरक्षित र प्रभावकारी बनाउन देश भित्र र गन्तव्य मुलकसँग सम्झौता गरी उनीहरूलाई पनि जिम्मेवार बनाउनु पर्ने धारणा व्यक्त गर्नुभयो।

साथै मा.मन्त्रीज्यूले मन्त्रालयको समग्र कार्यक्षेत्र र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गर्नुपर्ने र सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र साझेदारीमा वृद्धि गर्दै गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने निर्देशन दिनुभएको थियो। बार्षिक समीक्षा कार्यक्रमको अध्यक्षता गरिरहनुभएका मन्त्रालयका सचिव श्री एकनारायण अर्यालज्यूले कार्यक्रम समापन मन्तव्य राख्दै यस बार्षिक प्रगति समीक्षामा कार्यक्रममा भएका छलफलबाट आगामी दिनका लागि पाठ सिकेर मन्त्रालय, मातहत विभागीय निकाय र कार्यालयहरुको वित्तीय र भौतिक प्रगतिको सन्तुलन मिलाई व्यवहारिक, सेवाग्राहीमुखी कार्यान्वयन योग्य माइलस्टोन तथा बार्षिक बजेट तथा कार्यक्रम तय गर्न निर्देशन दिनुभयो। चालु आ.ब.२०७९/०८० को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाई तत्काल कार्यान्वयन शुरुवात गर्न निर्देशन दिनुभयो।

सेवा प्रवाह र विषयगत सुधारका सम्बन्धमा मन्त्रालय र मातहतका निकायको कार्य प्रकृति अनुसार सेवाप्रवाहमा सूचना प्रविधिलाई भरपुर उपयोग गर्ने नीति मन्त्रालयले लिएको र तदनुरुपको कार्ययोजना मन्त्रालय र मातहतका निकायहरुले बनाउन पर्नेमा जोड दिनुभयो। आगामी दिनमा व्यावसायिक सीप विकास तथा तालिमलाई रोजगारमुखी बनाउन पाठ्यक्रम परिमार्जन, सीप प्रमाणीकरण र भौतिक पूर्वाधार जस्ता विषयमा मन्त्रालयले सरोकार निकायहरुसँग समन्वय र सहकार्य गर्ने जानकारी दिनुभयो।

मन्त्रालय मातहतका कार्यालयहरुलाई क्रमश: दक्ष र कार्यबोझ अनुसारको जनशक्ति व्यवस्थापन, स्रोत साधनयुक्त बनाउँदै लगिने र कार्यालयहरुले उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी सेवा प्रवाह गर्ने र मन्त्रालय मातहतका निकायले बेरुजु नहुने गरी खर्च गर्ने र विगतका अर्थिक बर्षहरुको लेखापरीक्षणबाट औल्याईएका बेरुजू फछ्र्यौटमा पनि विशेष ध्यान दिन निर्देशन दिनुभयो। मन्त्रालयका सहसचिव रामचन्द्र ढकालज्यूले कार्यक्रमको उद्देश्यमाथी प्रकाश पार्दै स्वागत मन्तव्य राखु भएको थियो भने कार्यक्रमको सञ्चालन उपसचिव दिपेन्द्र पौडेल र शाखा अधिकृत श्री गगन सिंह बिष्टले गर्नुभएको थियो।

# प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रदेशस्तरीय वार्षिक समीक्षा कार्यक्रम सम्पन्न



प्रधानमन्त्री रोजगार कार्यक्रमले आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक अवधिमा रोजगार संयोजकहरुसँग प्रदेशस्तरीय वार्षिक समीक्षा कार्यक्रम सातैवटा प्रदेशमा सम्पन्न भएको छ ।

समिक्षा कार्यक्रम माननीय श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरज्यूको समुपस्थितिमा सुदूरपश्चिम प्रदेशको धनगढी, कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको बुटवल, गण्डकी प्रदेशको पोखरा, र बागमती प्रदेशको धुलिखेलमा सम्पन्न भएको छ। प्रदेशस्तरीय समीक्षा कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रमले हासिल गरेका प्रगति तथा सामना गरेका चुनौतीहरुका बारेमा माननीय मन्त्रीज्यूले चासो व्यक्त गर्नु भएको थियो। त्यस्तैगरी गण्डकी प्रदेश स्थित पोखरा र बागमती प्रदेश स्थित धुलिखेलमा सम्पन्न भएका समीक्षा कार्यक्रमहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रमले आगामी वर्षमा लिने कार्यदिशाका बारेमा सचिव श्री एकनारायण अर्यालज्यूले निर्देशन दिनुभएको थियो। समीक्षा कार्यक्रमको संयोजन प्रधानमन्त्री रोजगार कार्यक्रमका राष्ट्रिय निर्देशक श्री डण्डुराज घिमिरेले गर्नु भएको थियो।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र मार्फत अतिविपन्न बेरोजगार व्यक्तिको पहिचान गरी एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरेको छ। सोही अनुरुप आ.व. २०७५/७६ देखि सञ्चालनमा रहेको यस प्रधानमन्त्री रोजगार कार्यक्रमले नीति, कानून, कार्यविधि र निर्देशिका तयार गर्नुका साथै स्थानीय तहमा कामका लागि पारिश्रमिक आयोजनाहरु सञ्चालन गरिरहेको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विश्व बैंकको ऋण सहयोगमा सञ्चालित युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाले विगत दुई वर्ष देखि रोजगार सेवा केन्द्रको क्षमता अभिवृद्धि तथा कामका लागि पारिश्रमिकमा सहयोग पुर्‍याउँदै आएको छ।

यस वार्षिक समीक्षा कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रमको समग्र भौतिक तथा वित्तीय प्रगति, तथा जिल्लागत प्रगति सम्बन्धी प्रस्तुतिहरु समावेश थिए। आर्थिक वर्ष २०७८/०७९को समीक्षा अवधिमा २ लाख बेरोजगारहरुलाई औषत १०० दिनका लागि न्यूनतम रोजगारी उपलब्ध गराउने लक्ष्य रहेकोमा जम्मा १६३,१५४ जना बेरोजगार व्यक्तिलाई औषत ७५ दिनको मात्र रोजगारी उपलब्ध गराउन सकिएको समीक्षा गरिएको थियो।

कार्यक्रममा स्थानीय तहको अपनत्व अभिवृद्धि गर्न जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतहरुलाई कार्यक्रम सम्बन्धि ऐन, नियमावली तथा कार्यक्रम निर्देशिकाको साथै कार्यक्रमका वार्षिक क्रियाकलाप र उद्देश्यका सम्बन्धमा अभिमुखीकरण गर्न आवश्यक देखिएको छ। कामका लागि पारिश्रमिक आयोजनाहरुमा निर्माण सामग्री र सुरक्षा उपकरणको लागि बजेटको प्रावधान भएमा गुणस्तर तथा दीगो आयोजनाहरु सञ्चालन गर्न सकिने बारेमा रोजगार संयोजकहरुले जोड दिएका थिए।

# अनुशिक्षण कार्यक्रम काठमाडौंमा सम्पन्न



बार्षिक बजेट तथा कार्यक्रम, मध्यमकालीन खर्च संरचना (MTEF) र माइलस्टोन तर्जुमा तथा बेरुजु फछ्यौंट सम्बन्धी अनुशिक्षण कार्यक्रम २०७९ कार्तिक ३ गते काठमाडौंमा सम्पन्न भएको छ। कार्यक्रममा महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग साथै मन्त्रालयको तर्फबाट कार्यपत्र प्रस्तुत गरिएको थियो। कार्यक्रममा मन्त्रालय र मातहतका निकायवाट महाशाखा प्रमुख, विभागीय प्रमुख, लेखा शाखा प्रमुख र योजना शाखामा कार्यरत कर्मचारीहरुको सहभागिता रहेको थियो।

## बैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको जानकारी SMS बाट लिन सकिने

वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको श्रम स्वीकृति सम्बन्धि जानकारी SMS बाट प्राप्त गर्न सकिने व्यवस्था २०७९ कार्तिक १८ देखी कार्यान्वयनमा ल्याईएको छ। उक्त जानकारी सूचना प्रविधि विभागको National SMS Gateway मार्फत पठाउन थालिएको छ। यसबाट श्रमिकहरूले आफ्नो श्रम स्वीकृति जारी भए नभएको जानकारी तत्काल SMS मार्फत प्राप्त गर्न सक्छन। यस कारणले वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणमा सहयोग पुग्ने विश्वास लिईएको छ ।

## पुन:एकीकरण (ReMi) परियोजना सम्बन्धी प्रदेश स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न



वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई पुनःएकीकरण (ReMi) परियोजना सम्बन्धी प्रदेश स्तरीय अभिमुखीकरण कार्यक्रम प्रदेश नं. १ को विराटनगरमा २०७९ कार्तिक १८ र मधेश प्रदेशको धनुषामा २०७९ कार्तिक २० गते सम्पन्न भएको छ।

कार्यक्रम प्रदेश सरकारका प्रमुख सचिवहरु र प्रदेश मन्त्रालयका सचिवहरु लगायतका कर्मचारीहरु, स्वीटजरल्याण्ड विकास नियोगका प्रतिनिधि र परियोजना सहयोग ईकाईका प्राविधिक टीम लिडर सहितका कर्मचारीहरुको सहभागिता रहेको थियो। कार्यक्रममा मन्त्रालयका सहसचिव एवं परियोजना निर्देशक श्री झक्क प्रसाद आचार्यले परियोजनाको लक्ष्य, उद्देश्य र कार्यक्षेत्रका बिषयमा छलफल गर्नुभएको थियो भने उपसचिव श्री दिपेन्द्र पौडेलले परियोजनाको सञ्चालन विधि र कार्यक्रमका वारेमा विस्तृत प्रस्तुतिकरण गर्नुभएको थियो।

कार्यक्रमको प्राविधिक सहयोग परियोजना सहयोग ईकाई (PSU) ले गर्ने गरी परियोजना डिजाईन गरिएको जानकारी गराईएको थियो। साथै सहभागीहरुबाट परियोजना सञ्चालनका लागि स्थानीय तह छनौट सम्बन्धी मापदण्डका सम्बन्धमा राय परामर्श लिईएको थियो ।

## दक्षिण कोरिया जाने कामदारहरूको श्रम स्वीकृति अनलाइन प्रणालीबाट प्रारम्भ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार सम्बन्धि सेवालाई सरल, सहज र पहुँचयोग्य बनाई सेवा प्रवाहमा सुशासन कायम गर्ने समसायिक सुधार गर्ने नीति तथा कार्यक्रम अनुरुप विद्युतीय प्रणालीको उदाहरणीय रुपमा गर्दै आएकोमा चालु आ.ब.२०७९/०८० देखि इ.पि.एस परीक्षा प्रणालीबाट दक्षिण कोरिया जाने श्रमिकहरूको श्रम स्वीकृति दिने कार्य वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) बाट अनलाइन रुपमा प्रदान गर्न थालिएको छ।

यसबाट इ.पि.एस. कोरिया जाने श्रमिकहरूको अभिलेखीकरण (History) अनलाईन प्रणालीमा रहने, पुनः श्रम स्वीकृति प्रदान गर्न सहज हुने, विगतका डाटाहरू सजिलै प्राप्त गर्न सकिने र श्रमिकहरुलाई श्रम स्वीकृति लिन कार्यालयमा आईरहनु नपर्ने व्यवस्था गरिएको छ। ई.पि.एस. प्रणाली अन्तर्गत दक्षिण कोरिया जाने श्रमिकहरुले श्रमिक बीमा र कल्याणकारी कोषमा रकम भुक्तानी अनलाइन् माध्यमबाट गर्न सकिने गरी प्रणाली विकास गरिएको छ।

# वैदेशिक रोजगार सम्बन्धी सबै प्रकारका सेवा पोखरा र भैरहवाबाट शुरुवात

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा कामदार पठाउनको लागि पूर्व स्वीकृति दिने, कामदार छनौटको लागि राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन गरे नगरेको नियमित अनुगमन गर्ने, श्रम स्वीकृतिको निस्सा (स्टिकर) को लागि निवेदन लिने र श्रम स्वीकृतिको निस्सा (स्टिकर) दिने, इजाजतपत्रवालाका गतिबिधिहरुको अनुगमन तथा निरीक्षण गर्ने, वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४७ र ४८ मा उल्लिखित व्यवस्थाको पालना गरे नगरेको अनुगमन गर्ने लगायत वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यहरु २०७९ कार्तिक ३ देखि सम्पादन हुँदै आएको छ। यसपूर्व वैदेशिक रोजगारका लागि श्रम स्वीकृति दिने कार्य काठमाडौं स्थित वैदेशिक रोजगार कार्यालयबाट मात्र हुदै आएको इजाजत पत्रवाला संस्थाहरूको पुर्व स्वीकृति प्रदान गर्ने, अन्तिम स्वीकृति प्रदान गर्ने कार्य श्रम तथा रोजगार कार्यालय पोखरा र बुटवलबाट समेत शुरु गरिएको छ।

यसबाट श्रम स्वीकृतिको लागि पूर्वस्वीकृति र अन्तिम स्वीकृति दिने कार्य सरल, सहज र पहुँचयोग्य हुनेछ।

---


## वैदेशिक रोजगारी सम्बन्धी ठगी नियन्त्रण कार्य प्रभावकारी बनाउँदै विभाग

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम यस विभागबाट वैदेशिक रोजगार सम्बन्धि व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त गरेका इजाजतवाला संस्थाहरूले विद्यमान वैदेशिक रोजगार ऐन, नियम, निर्देशिका तथा विभागले समय समयमा जारी गरेको निर्देशन विपरित काम गरेकोले चालु आ.व. २०७९/०८० को प्रथम त्रैमासिकमा ३९२ वटा उजुरी रु.५ करोड ८६ लाख ७५ हजार माग दाबी सहित वैदेशिक रोजगार विभागमा उजुरी प्राप्त भएका छन्। प्राप्त भएका उजूरीमध्ये ६४ वटा उजुरीको रु.१ करोड २३ लाख ३६ हजार क्षतिपुर्ति भराएको छ भने ३ वटा उजुरीको रु. ८ लाख ४६ हजार बराबरको मिलापत्र गराएको छ।

वैदेशिक रोजगारीको आवरणमा इजाजतपत्र प्राप्त नगरेका संस्था तथा व्यक्तिले ठगि गरेको भनी ६१५ वटा उजुरी दर्ता भई रु.२१ करोड ८६ लाख ४५ हजार मागदाबी परेको छ। यसप्रकारका उजूरीहरु मध्ये ८५ वटा उजूरीका पक्षहरुबीच मिलापत्र गराई रु.६ करोड ११ लाख ७१ हजार क्षतिपुर्ति पिडित पक्षलाई उपलब्ध गराईएको छ। २३ वटा उजूरीका हकमा रु.७ करोड ५१ लाख ३८ हजार मागदावी सहित वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्धा दर्ता गरिएको छ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार सेवा प्रदायक संस्थाहरुको अनुगमन तथा निरीक्षण कार्यलाई तिव्रता दिएको छ। यस अवधिमा विभागले वैदेशिक मेनपावर इजाजतपत्र संस्था र वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण संस्थाको नियमित तथा आकस्मिक रुपमा अनुगमन गरी नियम विपरित गतिविधिमा संलग्न भएको पाइएका ५ वटा इजाजत पत्र प्राप्त मेनपावर व्यावसायिक संस्था र १४ वटा अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई वैदेशिक रोजगार ऐन बमोजिम कारबाही गरिएको छ।

## नेपाल र जापान संयुक्त कार्यसमितिको बैठक सम्पन्न



नेपाल सरकार र जापान सरकारबीच सन् २०१९ मा सम्पन्न द्विपक्षीय श्रम सम्झौतामा उल्लिखित संयुक्त कार्यसमितिको बैठक मिति २०७९ श्रावण १८ देखि १९ तदनुरुप सन् २०२२, अगष्ट ३ देखि ४ मा काठमाडौंमा सम्पन्न भएको छ ।

## माननीय मन्त्रीद्वारा तालिम केन्द्रको अवलोकन

संघीय संरचना पश्चात रोजगारी प्रवर्द्धनका लागि प्रदेशमा हस्तान्तरण भएको व्यावसायिक तथा सीप विकास तालिम केन्द्र हेटौंडा मकवानपुरको माननीय मन्त्री श्री शेरबहादुर कुँवरले २५ श्रावण, २०७९ मा अवलोकन गर्नुभयो। उक्त केन्द्रले प्रदेशस्तरका जिल्लाबाट सिफारिस भई आएका महिलाहरूलाई आवासीय रुपमा सिलाइकटाइ, कम्प्युटर, व्युटिसियन, जनरल मेकानिक्स जस्ता सीपमूलक तालिमहरू दुई सिफ्टमा सञ्चालन गर्दै आएको पाइयो।

नयाँ प्रविधि आइसक्दा पनि कतिपय तालिमहरूमा नयाँ प्रविधि भित्र्याउन कठिन भएको कार्यालय प्रमुख श्री युवराज गुरूङले बताउनु भयो।

# बेलायतमा स्वास्थ्य क्षेत्रका जनशक्ति पठाउने सम्बन्धी श्रम समझदारी सम्पन्न

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९ जेष्ठ ३१ को निर्णय बमोजिम नेपालबाट बेलायतमा स्वास्थ्य क्षेत्रका जनशक्ति पठाउने सम्बन्धी श्रम समझदारीपत्रमा मिति २०७९ भाद्र ६ गते नेपाल सरकारका तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री एकनारायण अर्याल र बेलायत सरकारका तर्फबाट नेपालका लागि बेलायती राजदूत श्री निकोला पोलिटले हस्ताक्षर गर्नु भएको छ।




नेपाल सरकार र इजरायल सरकारबीच सेप्टेम्वर ३०, २०२० मा भएको द्विपक्षीय श्रम सम्झौता बमोजिम हाल नेपालबाट इजरायलका दीर्घकालिन स्याहार केन्द्रमा सहायक कामदारहरु गएका छन्। पछिल्लो समय इजरायल सरकारबाट कृषि र निर्माण क्षेत्रहरुमा समेत मागहरु प्राप्त भएको सन्दर्भमा सो सम्बन्धी कार्यान्वयन कार्ययोजना तर्जुमा गर्न मा.मन्त्रिस्तरको मिति २०७९ भाद्र २२ को निर्णयानुसार रोजगार व्यवस्थापन महाशाखा प्रमुख सहसचिव श्री राजीव पोखरेलज्यूको नेतृत्वमा एक कार्यदल गठन भई व्यवस्थापन कार्य शुरु भएको छ।

माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको समुपस्थितिमा विभिन्न श्रम गन्तव्य मुलकहरुमा कार्यरत रहनुभएका काउन्सेलर (श्रम) तथा श्रम सहचारीहरुसँग वैदेशिक रोजगारीमा विभिन्न पक्षहरुमा केन्द्रित रही भर्चुयल बैठक मिति २०७९ भाद्र ३१ मा सम्पन्न भएको छ।

# श्रम प्रशासन सम्बन्धी सेवा अनलाईन प्रणालीबाट प्रदान गर्ने तयारी

श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष, सीपयुक्त र उत्पादनशील मानव संसाधनको समुचित उपयोग गर्दै असल श्रम सम्बन्धको विकास, बालश्रमको निवारण तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै सामाजिक न्याय सहितको आर्थिक विकासमा सघाउ पञ्याउने सोच उद्देश्यले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले गैह्र आवासीय नेपालीलाई श्रम स्वीकृत प्रदान गर्ने लगायतका श्रम प्रशासन सम्बन्धि सेवाहरु अनलाईन प्रणालीबाट प्रदान गर्ने उद्धेश्यले एकीकृत सफ्टवेयर निर्माण कार्य प्रकृयामा छ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले स्वदेशमा उपलब्ध हुन नसक्ने जनशक्तिको हकमा रोजगारदाताले भविष्यमा उक्त पदमा स्वदेशी दक्ष श्रमिक उत्पादन गरी ज्ञान सीपको हस्तान्तरणद्वारा प्रतिस्थापन गर्ने शर्तमा विदेशी नागरिकहरुलाई कार्य अनुमति उपलब्ध गराउँदै आएको छ। ट्रेड युनियन दर्ता, नवीकरण, श्रमिक आपूर्तिकर्ता कम्पनीहरु इजाजतपत्र दिने, श्रमिक, प्रतिष्ठानहरुको निवेदन, गुनासो र उजुरी सुन्ने, वार्तामार्फत समस्या समाधानको पहल गर्ने तथा सो हुन नसके लिखित निर्देशन दिने, निर्णय गरी सोको कार्यान्वयनको लागि लेखी पठाउने लगायतका कार्यहरु श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र मातहतका श्रम तथा रोजगार कार्यालयहरुबाट हुँदै आएको छ ।

## सामाजिक सुरक्षाको दायरा बिस्तार गर्दै सामाजिक सुरक्षा कोष

सामाजिक सुरक्षा कोषबाट हाल सञ्चालनमा ल्याइएका योजनाहरू औपचारिक क्षेत्रभित्र निजी क्षेत्रलाई मात्र समेटिएकोमा अन्य क्षेत्रमा समेत चरणबद्धरूपमा प्रवेश गर्नु संवैधानिक र कानुनी मार्गदर्शन रहेको देखिन्छ ।

यसै अनुरुप सामाजिक सुरक्षा कोषले वैदेशिक र अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा रहेका श्रमिकको सामाजिक सुरक्षा सम्बन्धि कार्यविधिहरु तयार गरी कोषको संचालक समितिबाट अनुमोदन भई मन्त्रालयमा स्वीकृतिको लागि अन्तिम चरणमा रहेको छ । यसको कार्यान्वयन संगै कोषको दायरा फराकिलो भएको छ ।

## १. सूचीकरण तथा योगदान रकम संकलन

वि.स. २०७५ मंसिर ११ गते देखि संगठित निजी क्षेत्रका प्रतिष्ठान र श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्ने र वि.स. २०७६ श्रावण १ देखि योगदान रकम संकलन गर्ने कार्य निरन्तर रुपमा अगाडि बढिरहेको छ। परिणामस्वरुप आ.व. २०७९/०८० को प्रथम त्रैमासिकसम्मको सूचीकरण र योगदान रकम संकलनको जम्मा प्रगति निम्नानुसार रहेको छ ।

| विवरण | गत आ.व. सम्मको जम्मा प्रगति | चालु आ.व. प्रथम त्रैमासिक अवधि थप | चालुको प्रथम त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|
| रोजगारदाता (जना) | १७१९२ | २६० | १७४५१ |
| योगदानकर्ता (जना) | ३४६७४४ | २३९८८ | ३६९३४४ |
| योगदान रकम संकलन (लाख) | २१०८५२ | ३३८३२ | २४५०३२ |

## २. दावी भुक्तानीको अवस्था

सामाजिक सुरक्षा योजना कार्यविधि अनुसार सुविधा भुक्तानी लिन अनलाइन्मार्फत भुक्तानीका लागि निवेदन दिनुपर्ने र हरेक सुरक्षा योजनाको भुक्तानीका लागि अलग अलग निवेदनका ढाँचा व्यवस्था गरिएको छ। औषधी उपचार वापतको रकम अस्पताललाई नै भुक्तानी दिइने र पेन्सन,प्रसुती विदा,शिशु स्याहारलगायतका सुविधा वापतको रकम योगदानकर्तालाई बैंक खातामार्फत भुक्तानी गरिने व्यवस्था छ। आ.व.२०७८/७९ अन्त्यसम्म संरचनात्मक तयारीका अभावले गर्दा अधिकांश दाबी भुक्तानी म्यानुअल रुपमा गरिएको कार्य हालको माध्यमबाट समेत हुदै आएको छ। अनलाइन्बाट आ.व. २०७९/८०को प्रथम त्रैमासिक अवधिसम्म अनलाइन र म्यानुअल रुपमा गरिएका सम्पूर्ण दाबी भुक्तानी विवरण देहाय बमोजिम रहेको छ :

| विवरण | आ.व.२०७८/७९ को अन्त्य सम्मको जम्मा प्रगति | | | आ.व.२०७९/८०को प्रथम त्रैमासिक अवधिको जम्मा प्रगति | | | आ.व.२०७९/८०कोप्रथम त्रैमासिक सम्मको जम्मा प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) |
| औषधी उपचार,स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना | १४२०८ | २१२९७ | २३०६ | ६१८० | ८९२४ | ५५६ | २०३८८ | ३०२२१ | २८६२ |
| दुर्घटना तथा अशक्तता सुरक्षा योजना | ६२३ | ८४७ | २३० | २७० | ३६४ | ९७ | ८९३ | १२११ | ३२७ |
| आश्रित परिवार सुरक्षा योजना | ३८८ | ३७५२ | ३७३ | २१३ | ७६४ | ७० | ६०१ | ४५१६ | ४४३ |
| वृद्ध अवस्था सुरक्षा योजना | २०७७५ | २११५० | १३६७४ | ८१४८ | ८२६५ | ६७७१ | २८९२३ | २९४१५ | २०४४५ |
| जम्मा | ३५९९४ | ४७०४६ | १६५८६ | १४८११ | १८३१७ | ७४९४ | ५०८०५ | ६५३६३ | २४०८० |

उल्लिखित दाबीहरूमध्ये सबैभन्दा धेरै दाबी वृद्ध अवस्था सुरक्षा योजनामा परेको देखिन्छ। त्यसैगरी, दोस्रो, तेस्रो र चौथोमा क्रमशः औषधि उपचारस्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा रहेका छन्।

## वैदेशिक रोजगार बोर्डबाट सम्पन्न राहत, उद्धार लगायत कल्याणकारी सेवाहरु

वैदेशिक रोजगार बोर्डले रोजगारीको क्रममा विदेशमा विदेशमा मृत्यु भएका कामदारको शव व्यवस्थापन, मृतकको परिवारलाई तोकिए बमोजिमको राहत, आर्थिक सहायताको साथै क्षतिपूर्ति प्रदान, विदेशमा अलपत्र परेका श्रमिकको उद्धार लगायतका कल्याणकारी कार्य बोर्डबाट सम्पन्न हुदै आएका छन्। बोर्डमा रहेको कल्याणकारी कोषको रकमबाट उद्धार, वैदेशिक रोजगारीको क्रममा अङ्गभङ्ग र विरामी भएका कामदारलाई आर्थिक सहायता र वैदेशिक रोजगारमा जानुपूर्व अभिमुखीकरण तालिम प्रदान गर्दै आएको छ। चालु आर्थिक बर्षको प्रथम त्रैमासिकमा वैदेशिक रोजगार बोर्डबाट देहायबमोजिम कार्यहरु सम्पन्न भएका छन्।

| सि.नं. | क्रियाकलाप | महिला | पुरूष | जम्मा | खर्च भएको रकम रू |
|---|---|---|---|---|---|
| १ | मृतक कामदारका परिवारलाई आर्थिक सहायता | ९ | २७१ | २८० | १६,०७,५५,०००.०० |
| २ | अंगभंग/विरामी भएका कामदारलाई आर्थिक सहायता | २ | २९ | ३१ | १,३३,६७,०००.०० |
| ३ | कामदारका परिवारलाई औषधोपचार सहयोग | ५ | २ | ७ | ३,५०,०००.०० |
| ४ | उद्दारका लागि सम्वन्धित नियोगसंग समन्वय | ० | ३९ | ३९ | ८,१९,०००.०० |
| ५ | शव झिकाउनका लागि सम्बन्धित नियोगसंग समन्वय | ३ | ६० | ६३ | ४५,९८,०००.०० |
| ६ | मृतकको शव घर ठेगाना सम्म शव ढुवानी गरिएको | ९ | २६४ | २७३ | ५३,६६,६५८.०० |
| ७ | अभिमुखीकरण तालिम वापतको रकम शोधभर्ना | ८५ | ० | ८५ | ५९,५००.०० |
| | कुल | ११३ | ६६५ | ७७८ | १८,५३,१५,१५८.०० |

# रोजगार प्रवर्द्धनका लागि व्यावसायिक तथा सीप विषयक अन्तरक्रिया गोष्ठी सम्पन्न

व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान भैंसेपाटी ललितपुरको स्वीकृत बार्षिक कार्यक्रम बमोजिम रोजगारी प्रवर्द्धनका लागि सरोकारवालाहरूसँग नीतिगत, कार्यगत तथा व्यवहारिक कठिनाईका सम्बन्धमा अन्तरक्रिया गरी आगामी दिनमा रोजगारी सृजना गर्ने कार्यमा सहजीकरण गर्ने उद्देश्यले २०७९ श्रावण २४ मा रौतहटको गौरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।



कार्यक्रम सहभागीहरू

उक्त अन्तरक्रिया कार्यक्रम माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरको प्रमुख आतिथ्यता र गौर नगरपालिका प्रमुख श्री शम्भु साहको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गौर नगरपालिका प्रमुख श्री शम्भु साहले ठूलो संख्यामा वैदेशिक रोजगारमा जानेहरू दलालबाट ठगिने सीपमूलक तालिम नलिई जानेहरू बढी मर्कामा पर्ने गरेको जानकारी गराउनुभयो।

यसै क्षेत्रमा तालिम सञ्चालन गर्ने व्यवस्था भए उपयुक्त हुने बरू तालिम केन्द्र स्थापनाका लागि जग्गा उपलब्ध गराउन तयार रहेको र केही पालिका प्रमुखहरूले यस सम्बन्धी तालिमका लागि बजेट छुट्याएर कार्य गर्दै आएको जानकारी गराउनु भएको थियो। तालिमका सहभागीहरुले सीप विकास तालिमसँगै तालिम सामग्रीहरू समेत उपलब्ध गराउने व्यवस्था भए वैदेशिक रोजगारमा जान नपर्ने स्वदेशमा नै रोजगार सृजना हुने र विदेशी कामदारलाई प्रतिस्थापन गर्न सहज हुने कुरा पनि राखु भएको थियो।

कार्यक्रममा सहभागीहरूले विभिन्न निकायवाट प्रदान हुदै आएको व्यावसायिक सीप विकास तालिममा अनुगमन नहुने र तालिमका लागि मात्र तालिम भएको, तालिम वास्तविक लक्षित समूहसम्म नपुगेको तालिम लिएर सीप सिकेकालाई लगानीको अभाव रहेको, सम्मान नभएको जस्ता विचार व्यक्त भएका थिए भने कतिपयले स्थानीय तहमा उदाहरणीय काम भए गरेको भए पनि प्रचारप्रसार नभएको र लक्षित समूह आकर्षित गर्न नसकिएको कुरा उठान गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि माननीय मन्त्री श्री शेरबहादुर कुँवरले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाली नागरिकहरुलाई व्यावसायिक सीप तालिमको माध्यमवाट सीप विकास तथा उद्यमशीलता विकास गराई स्वदेशमा नै रोजगारी सिर्जना गर्ने र स्थानीय बजारमा रहेका विदेशी कामदारहरू क्रमशः प्रतिस्थापन गर्दै लैजान नीति लिएको जानकारी गराउँदै यस कार्यमा सबैले सहयोग गर्न आग्रह गर्नु भयो।

बाध्यतावस वैदेशिक रोजगारीमा जानुपरेमा पनि सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाँदा राम्रो हुने र दलालहरूबाट ठगिनु नपर्ने कुरा राखु भयो।

